का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १२९
- २१ असार २०७७, आइतबार
- 5 July 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १५४९१ जना | ६४१५ जना | २४६२९७ | ९०४२ | ३४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड १२ लाख ३३ हजार | ६३ लाख ७४ हजार | ५ लाख ३० हजार | ४३ लाख २९ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




मन्त्रीहरुसँग प्रधानमन्त्रीको ब्रिफिङ

# अवस्था जटिल भयो

## स्थायी कमिटी स्थगित

■राष्ट्रपति र प्रधानमन्त्री बीच भेटवार्ता ■मन्त्री र राज्यमन्त्रीहरुसँग प्रधानमन्त्रीको सम्वाद

**फुटको संघारमा पुगेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) शनिबार बोलाइएको स्थायी कमिटी बैठक पनि स्थगित भएको छ । शीर्ष नेताहरूले छलफलका लागि आवश्यक गृहकार्य नपुगेको भन्दै बैठक मंगलबार सम्म स्थगित भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रीहरुलाई अवस्था जटिल बनेको बताएका छन् । शनिबार साँझ मन्त्री र राज्य मन्त्रीहरुलाई बोलाएर प्रधानमन्त्री ओलीले एक ठाउँ रहने अवस्था कमजोर बनेको बताएका हुन् ।

एक मन्त्रीले भने, "प्रधानमन्त्रीले अव एक ठाउँ रहने संभावना कमजोर भयो । जटिल अवस्थाबारे तपाइँहरु जानकार नै हुनुहुन्छ ।" प्रधानमन्त्री ओलीले एक ठाउँ रहने संभावना न्यून रहेको समेत बताएका थिए । शनिबार बिहान ११ बजे बोलाइएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को स्थायी कमिटी बैठक स्थगित भएपछि प्रधानमन्त्री साँझ राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गरी मन्त्रीहरुसँग छलफलमा बसेका थिए ।

शीर्ष नेताहरुले बैठकका लागि थप गृहकार्य नपुगेको भन्दै बैठक स्थगित भएको थियो । प्रधानमन्त्री निवास वबालुवाटारमा जारी नेकपाको पाँचौं बैठक असार २२ गतेसम्म स्थगित गरिएको नेकपाका प्रचार विभाग उपप्रमुख सूर्य थापाले जानकारी दिए ।

थापाका अनुसार बैठक मंगलबार बिहान ११ बजे प्रधानमन्त्री निवास बालुवाटारमा बस्नेछ । पार्टी अध्यक्षद्वय केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड', बरिष्ठ नेता झलनाथ खनाल र उपाध्यक्ष वामदेव गौतम बीच थप छलफल गर्न समय आवश्यक रहेकोमा परामर्श गरी बैठक स्थगित गरिएको छ । पार्टीमा देखिएको समस्या समाधान गर्न थप छलफल गर्नुपरेकाले बैठक स्थगन गरिएको प्रचार विभाग उपप्रमुख थापाले बताउनुभयो । नेकपाको स्थायी कमिटी बैठक पार्टी एकता, सरकारको कामको समीक्षा, मिलेनियम च्यालेन्स कर्पोरेशन (एमसिसी) संविधान संशोधनलगायत विषयमा छलफल गर्नका लागि यही असार १० गतेदेखि जारी रहेको छ ।




*प्रधानमन्त्री एवं नेकपाका अध्यक्ष केपी शर्मा ओलीको समर्थनमा मेलम्चीमा निकालिएको प्रदर्शन । तस्वीरः देवराज सुवेदी*

बैठकमा ४५ स्थायी कमिटी सदस्य र पार्टीको निर्वाचन आयोग, अनुशासन आयोग र लेखा आयोगका अध्यक्ष ज्येष्ठ कम्युनिष्ट मञ्चका संयोजक र सल्लाहकार परिषद्का संयोजकसहित ५० जनाको सहभागी छ । ३७ जनाले सीमा समस्या र समाधान विषयमा बोलेका छन् भने १६ असार देखि भने स्थायी कमिटी बैठक कार्यसूची भन्दा बाहिर गएको छ । असार १४ गते प्रधानमन्त्री ओलीले भारतीय दूतावासको सक्रियतामा आफ्नो राजीनामा मागिएको अभिव्यक्ति दिएपछि नेकपाभित्रको विवाद चर्किँदै गएको छ ।

प्रधानमन्त्री ओली इतरका नेताहरुले दुवै पद (प्रधानमन्त्री र अध्यक्ष) छोड्न दबाव दिइरहेका छन् । प्रचण्ड, झलनाथ खनाल, माधवकुमार नेपाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ लगायत नेताहरुले पार्टी र सरकार सञ्चालनमा ओली असफल भएकाले राजीनामा दिनुपर्ने माग गरेका छन् । तर, प्रधानमन्त्री ओलीले दुवै पदबाट राजीनामा नदिने अडान लिइरहेका छन् । बिहीबार मन्त्रिपरिषदको आकस्मिक बैठक बोलाएर प्रधानमन्त्री ओलीले संसद अधिवेशन अन्त्य गरे पछि पार्टी विभाजनको संशय झनै बढेर गएको छ । कतिपयले प्रधानमन्त्री ओलीले संसद अधिवेशन अन्त्य गरेर पार्टी विभाजन अध्यादेश ल्याउने तयारीका रुपमा बुझेका छन् । अहिलेका संवैधानिक प्रावधानअनुसार, प्रधानमन्त्री ओली दल विभाजन गर्न सक्दैनन् ।

### ■भेटवार्ता जारी

शनिबार बिहान ११ बजे बस्नेगरी बिहीबारको स्थायी कमिटी स्थगित गर्ने निर्णय भएपनि नेताहरुबीच सहमति जुट्न सकेन । शुक्रबार दुई अध्यक्ष ओली र प्रचण्डबीच तीन घण्टा लामो सम्वाद भएपनि कुनै निष्कर्ष भने निस्किएन । शनिबार बिहान समेत भेटवार्ता तय भएको थियो । तर, दुई अध्यक्ष बीच भेटवार्ता भएन । टेलिफोन सम्वादकै भरमा बैठक स्थगत गरियो । प्रधानमन्त्री ओली इतर समूह बीच भने भेटवार्ता चलेको छ । प्रधानमन्त्री ओलीले पनि राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटवार्ता गरेका छन् ।

# पहिरोमा १८ घर पुरिए

**बझाङको केदारस्युँ गाउँपालिकाको वडानम्बर-८ मल्लेसीमा १७ घर पुरिएको पहिरोमा परी तीन जनाको शव फेला परेको छ । शनिबार साँझसम्म पनि उद्धार जारी थियो, तर विकट ठाउँ भएकाले उद्धारमा कठिनाइ छ ।**



**मध्यान्ह संवाददाता**
बझाङ, २० असार ।

बझाङमा शुक्रबार राति पहिरो जाँदा केदारस्यूँ गाउँपालिका-८ मल्लेसी गाउँमा १८ घर पहिरोले बगाउँदा ६ जनाको मृत्यु भएको छ भने एक जना अझै बेपत्ता छन् । शनिबार बिहान स्थानीयवासी र सुरक्षाकर्मीहरुले पहिरोमा पुरिएका ६ जनाको शव निकालेको छ ।

आफ्नै घरभित्र पुरिएको अवस्थामा ४४ वर्षीया रामती जेठारा र उहाँकी १५ वर्षीया छोरी शान्ति जेठारा, ११ वर्षीय छोरा प्रयागराज जेठारा र सात वर्षीया छोरी अस्मिता जेठाराको शव निकालेको घटनास्थलबाट प्रहरी सहायक निरीक्षक रायभानसिंह ऐरीले बताए । उनका अनुसार, ८० वर्षीय दले जेठारा, १२ वर्षीय सन्तु जेठाराको शव पनि लिकालेको छ भने पहिरोमा पुरिएका २० वर्षीया गिरिजा जेठाराको खोजी भइरहेको छ ।

"राति अविरल वर्षासहित गाउँ बाँकी पृष्ठ २ मा

# संख्या सयको समस्या समाधान गरिने अर्थमन्त्रीको आश्वासन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार

अर्थमन्त्री डा. युवराज खतिवडाले कोरोना भाइरस (कोभिड-१९) कारण समस्यामा रहेका व्यवासयीहरुलाई राहत दिन अर्थमन्त्रालय र मन्त्रिपरिषद्बाट केही दिनभित्रै सकारात्मक निर्णय गर्ने आश्वासन दिएका छन् । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले कोभिड-१९ का कारण वैदेशिक रोजगार व्यवसायमा उत्पन्न समस्या समाधानका लागि शुक्रबार अर्थमन्त्री डा. खतिवडालाई भेटी १३ बुँदे माग राखेको थियो ।

मागका सम्बन्धमा जवाफ दिँदै अर्थमन्त्री डा. खतिवडाले वैदेशिक रोजगारले राष्ट्रिय अर्थतन्त्रमा बहुआयामिकरुपमा सकारात्मक योगदान दिएको र त्यसलाई यथावत राख्न सरकार प्रयत्नशील रहेकोले निश्चित प्रक्रिया पुऱ्याएर वैदेशिक रोजगारका लागि सबै प्रकारका श्रम स्वीकृति खुला गर्ने समेत बताएका छन् । त्यसैगरी उनले वैदेशिक रोजगार व्यवसायीहरुको ईजाजतपत्र नवीकरण गर्न अनिवार्यरुपमा एक सय कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने प्रावधानले पारेको समस्या पनि समाधान गर्न पहल गर्ने आश्वासन दिएको भेटमा सहभागी व्यवसायीहरुले बताएका छन् ।

मञ्चले कोरोना भाइरसका कारण विगत करिब ४ महिनादेखि व्यवसाय बन्द गर्नुपरेको कठिन अवस्था रहेको भन्दै राहतस्वरुप व्यवसायीहरुलाई व्यवसायिक कर्जा उपलब्ध गराउन, म्यानपावर व्यवसायीहरुलाई यस व्यवसायसँग जोडिएका अन्य व्यवसाय सञ्चालन गर्न नपाउने हालको व्यवस्था हटाउन, सेवा शुल्क परिमार्जन गर्न र ईजाजतपत्र नवीकारणका लागि वार्षिक एक सय कामदार पठाउनै पर्ने अनिवार्य प्रावधान हटाउनुपर्ने लगायतका विषयमा अर्थमन्त्रीसमक्ष माग राखेको मञ्चका सहसंयोजक राजेन्द्र भण्डारीले मध्यान्हलाई जानकारी दिए ।

मञ्चले अर्थमन्त्री डा. खतिवडासँग व्यवसायीहरुलाई अमेरिकी डलरमा बैंक खाता सञ्चालनको अनुमति प्रदान गरी बजार प्रवर्द्धनका लागि वार्षिक २५ हजार अमेरिकी डलर सटही सुविधा दिनुपर्ने माग समेत गरेको छ । मञ्चले वार्षिक निश्चित विदेशी मुद्रा आर्जनको अनुपातमा सवारी साधन खरिदमा छुट, प्राइभेट पब्लिक पार्टनरसिप सिद्धान्त अनुसार तालिम केन्द्रहरुको स्थापना, श्रम तथा रोजगार अस्पतालको स्थापनालगायतका माग समेत राखेको छ ।

मञ्चले प्रस्तुत गरेका मागकाबारेमा अर्थमन्त्री डा. खतिवडाले गम्भीररुपमा ध्यान बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कांग्रेस उच्चस्तरीय समितिमा ढकाल

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले गठन गरेको 'कोभिड–१९' अनुगमन समितिमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष विमल ढकाल सदस्यमा मनोनित भएका छन् । पार्टी सहमहामन्त्री डा. प्रकाशशरण महतको संयोजकत्वमा रहेको ३५ सदस्यी समितिमा पार्टीको सुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्व अध्यक्षसमेत रहेका ढकाल समेटिएका हुन् । समितिमा पार्टीका केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य र विभिन्न क्षेत्रका विज्ञहरु सदस्य रहेका छन् ।

प्रमुख प्रतिपक्ष दल कांग्रेसले आफ्नो उच्चस्तरीय समितिमा वैदेशिक रोजगार क्षेत्रबाट प्रतिनिधित्व गराएकोमा वैदेशिक रोजगार व्यवसायीहरुले सो पार्टीलाई धन्यवाद र ढकाललाई बधाई ज्ञापन गरेका छन् ।

गत जेठ २६ गते बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले कोभिड-१९ का कारण मुलुकमा उत्पन्न परिस्थितिका सम्बन्धमा अनुगमन गर्न पार्टीका सहमहामन्त्री डा. महतको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरेको थियो । सहमहामन्त्री बाँकी पृष्ठ २ मा

## कामदार उद्धारका लागि एनआरएनएलाई ५ करोड

**काठमाडौं/मस-** संयुक्त राष्ट्र संघअन्तर्गतको अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले कोभिड-१९ संक्रमणका कारण प्रभावित कामदारहरुको उद्धार र राहतका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) लाई ५ करोड १० लाख रुपैयाँ अनुदान दिएको छ । संघका अध्यक्ष कुमार पन्तले लामो समयको प्रयासपछि संघलाई आईएलओले ४ लाख २४ हजार ३ सय १० डलर (५ करोड १० लाख रुपैयाँ) अनुदान दिने भएको बताएका छन् ।

यस विषयको सहमतिपत्रमा हस्ताक्षर भएको भन्दै अध्यक्ष पन्तले संघको पहलमा विदेशमा अप्ठ्यारोमा परेका नेपालीको उद्धार भइरहँदा श्रमिकको लागि अनुदान रकम उपलब्ध हुनुले थप उत्साहित र हर्षित बनाएको बाँकी पृष्ठ २ मा

# ढलमा पनि संक्रमण

## संक्रमित १५ हजार नाघे, मृतक संख्या ३४ पुग्यो

**राजधानी उपत्यकाका ढलमा समेत कोभिड-१९ (सार्स-२) को भाइरस फेला परेको छ । चार ठाउँको नमूना संकलन गरिएकोमा दुई ठाउँमा भाइरस रहेको पुष्टि भएको हो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार ।

नेपालमा कोभिड-१९ संक्रमण बढिरहेको बेला राजधानी उपत्यकाका ढलमा समेत भाइरस फेला परेको छ । उपत्यकाका चार ठाउँका ढलको नमूना परीक्षण गरिएको थियो । सेन्टर फर मलिकुलर डयानामिक्स (सीएमडीएन) नेपालको इन्चाइरोमेन्टल सर्भिलेन्स अफ सार्स-२ को प्रारम्भिक अध्ययनमा भाइरस फेला परेको हो ।

चार ठाउँको नमूना परीक्षण गरिएकोमा दुई ठाउँमा कोभिड-१९ को भाइरस फेला परेको छ । अध्ययन अनुसार, संक्रमितको दिसामा समेत कोभिड-१९ सार्स-२ को भाइरस हुन्छ भन्ने तथ्य समेत फेला परेको छ । त्यसैअनुसार, विभिन्न देशमा गरिएको परीक्षणजस्तै नेपालमा पनि परीक्षण गरिएको थियो ।





*पाल्पा रामपुर नगरपालिका स्थित मटेरी युथ युनियन क्लबले नगरपालिका भित्रका क्वारेन्टाइनमा बसेका नागरिकलाई वितरण गर्न जनप्रतिनिधिलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै । तस्वीर : सुशीला रेग्मी, रासस*

१५ हजार नाघे संक्रमित

कोभिड-१९ बाट संक्रमितको संख्या १५ हजार ४९१ जना पुगेको छ। गत २४ घण्टामा २३२ जनामा कोरोना पुष्टि भएको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको संया ३४ पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा शनिबार गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विगत २४ घण्टामा २३ वटा प्रयोगशालामा चार हजार ५० जनाको आरटिपिसिआर विधिबाट नमूना परीक्षण भएको जानकारी दिए । क्वारिन्टिनमा रहेका व्यक्तिहरुको संख्या ३३ हजार १२५ रहेको छ। आइसोलेशनमा रहेकाको संख्या भने बाँकी पृष्ठ २ मा

# खोकनामा प्रहरी र किसानबीच झडप

**मध्यान्ह संवाददाता**
ललितपुर, २० असार



ललितपुरको खोकनाको सुडोल फाँटमा प्रहरी र स्थानीयबीच झडप भएको छ। फास्ट ट्र्याकका लागि सरकारले अधिग्रहण गरेको जग्गामा स्थानीयले जबर्जस्ती रोपाइँ गर्न खोजेपछि प्रहरीले रोक्न खोज्दा झडप भएको हो।

मुआब्जा दिई अधिग्रहण गरेको जग्गामा ललितपुरको खोकनाका स्थानीयले रोपाइँ गर्न थालेपछि प्रहरीले त्यसलाई रोक्ने क्रममा स्थनीयवासी र प्रहरीबीच झडप भएको हो। झडपमा ७ जनाभन्दा बढी प्रहरी र केही स्थानीय घाइते भएका छन्। झडपका क्रममा आक्रोशीत भीडले ढुंगामुढा गर्न थालेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन लाठी चार्ज र केही राउण्ड अश्रुग्यास प्रहार गरेको थियो।

विकासका नाममा जग्गाजमिन र पुर्ख्यौली थातथलो कब्जा गरेको भन्दै खोकनावासीले विरोध गर्दै आएका छन्। काठमाडौं तराई द्रूतमार्ग, बाहिरी चक्रपथ र मातातीर्थ भक्तपुर १३२ केभी प्रसारण लाइन खोकना हुँदै बनाउने तयारी छ। तर स्थानीयवासीले भने विकासका नाममा सांस्कृतिक सहरमाथि अतिक्रमण गरेको भन्दै खोकना क्षेत्रमा कुनै पनी योजना बन्न नदीने बताएका छन्।

सरकारले विकास परियोजनाका नाममा हराभरा र उर्वर भूमिलाई विनास गर्ने हिसाबले काम गरिरहेको भन्दै विरोध गरिएको उपत्यकाव्यापी सडक पीडित संघले जनाएको छ। तीन हजार वर्ष अगाडीको नेवा सभ्यता विनास गर्न खोज्ने सरकारको कामका विरुद्ध धान रोपेर विरोध गरिएको संघको भनाइ छ।

उपत्यकाका विभिन्न स्थानबाट मानिसहरु किसानको समर्थनमा खोकना पुगेर धान रोप्न शुरु गरेका थिए। 'फास्ट ट्र्याक चाँहिदैन किसान मार्न पाइँदैन', 'भूमाफिया होसियार', 'सम्पूर्ण किसान एक होउ' भन्ने नारा लगाएर प्रहरीलाई ढुंगामुडा प्रहार गरेपछि झडपको अवस्था आएको हो।

स्थानीयले धान रोपाइँ गर्न थालेपछि बिहानैदेखि नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको थियो। प्रहरीले धान रोप्न नदिएपछि स्थानीयले नाराबाजी शुरु गरेका थिए। स्थानीयहरु रुद्रायणी मन्दिरमा भेला भएर ट्र्याक्टर लगायत कृषि सामग्रीसहित सुडोल पुगेका थिए। यसअघि स्थानीयले असार १५ गते पनि रोपाइँ गर्न खोज्दा विवाद भएको थियो। खोकनाको सुडोल फाँट काठमाडौं-तराई जोड्ने द्रुतमार्गको प्रवेश बिन्दु हो। केहीले मुआब्जा लिएको भए पनि अधिकांश जग्गाधनीले मुआब्जा लिन मानेका छैनन्।

# प्यूठानमा सलहको वितण्ड

## तीन सय हेक्टरमा लगाएको बाली सखाप

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २० असार



आउँदैन भन्दा भन्दै आएको सलह किराले प्यूठानमा ठूलो क्षति पुऱ्याएको छ। अघिल्लो शनिवार तराइका जिल्ला हुँदै पहाडी जिल्ला प्रवेश गरेको कीराले प्यूठानका विभिन्न स्थानमा किसानहरुले लगाएको बालीमा क्षति पुऱ्याएको हो। सोमवार प्यूठानको सरुमारानी गाउँपालिकास्थित बांगेसालमा फाट्टफुट्ट देखा परेको सलह किराले मंगलवार र बुधवार गरी दुई दिनमै जिल्लाको सयौं हेक्टर जमिनमा लगाईएको मकै, तरकारी र धानबालीमा क्षति पुऱ्याएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन ईकाइ प्यूठानले जनाएको छ।

धान जोन ईकाइ प्यूठानका अनुसार जिल्लाका नौ वटै स्थानीय तहमा सलहले बालीमा ठूलो नोक्सानी पुऱ्याएको छ। हालसम्मको तथ्यांक अनुसार जिल्लाभर सलह किराले ३ सय २२ हेक्टर जमिनमा लगाइएको बालीनाली नष्ट गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन ईकाइ प्यूठानका निम्ति कार्यालय प्रमुख सुमन खनालले बताए। 'सलहले सबैभन्दा बढि क्षति मकैबालीमा पुऱ्याएको छ,' खनालले भने ' मकै पछि तरकारी बालीमा क्षति पुऱ्याएको छ।'

खनालका अनुसार सलहले सबैभन्दा बढि भिमरुक गाउँपालिकामा ८० हेक्टर क्षेत्रफलमा लगाइएको मकै, तरकारी तथा धानबालीमा क्षति गरेको छ। यस्तै ऐरावती गाउंपालिकामा ७० हेक्टर, मल्लरानी गाउँपालिकामा ६३ हेक्टर, सरुमारानी गाउँपालिकामा ३८ हेक्टर र प्यूठान नगरपालिकामा १५ हेक्टर क्षेत्रफलमा लगाइएको बालीमा क्षति पुऱ्याएको छ। त्यसैगरि सलहले नौबहिनी, गौमुखि र माण्डवी गाउंपालिकामा पनि ठूलो क्षति पुऱ्याएको छ। यि स्थानीय तहमा भएको क्षतिको विवरण संकलन भइरहेको र एकिन विवरण आउन बाँकी रहेको खनालले जानकारी दिए।

यसअघि ४ ओटा झुण्डमा भित्रिएको सलह जिल्लाका विभिन्न स्थानमा झुण्ड झुण्ड भएर फैलिएको र किसानले लगाएको बाली खाएको उनले बताए। अहिले सलहको झुण्ड प्यूठानबाट अन्य जिल्लामा गएकाले बिहीबारदेखि देखिएको छैन। सलह किरा हावाको बहावसंगै जुनसुकै बेलामा पनि आउन सक्ने भएकाले किसानहरुलाई सचेत रहन प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धान जोन ईकाइ प्यूठानले आग्रह गरेको छ। धेरै ठाउँबाट 'किसानका गुनासा आएको छ,' खनालले भने, 'पर्याप्त किटनाशक औषधि पनि नभएको र सलह पसेको देख्नेबित्तिकै आगोको धुवाँ लगाउने,थाल वा टिनको ठूलो आवाज आउने गरी बजाउन सुझाव दिइएको छ।'


**बाली नष्ट भएपछि किसान चिन्तित**

मकै छरेको केही समयमै फौजी कीराको चपेटामा परेका किसानहरू पछिल्लो समय सलह कीराको प्रकोपबाट पीडित भएका छन्। कीराले बाली नष्ट गरेपछि किसानहरू चिन्तित बनेका हुन्। लाखौंको संख्यामा भित्रिएको सलह कीराको झुण्डले किसानले लगाएको अन्नबालीमा क्षति पुऱ्याएको हो।

आकाशै ढाक्ने गरी आएको सलह कीराले तरकारी, पसाउन लागेको मकैबाली र भर्खर रोपेको धानमासमेत क्षति पुऱ्याएको किसानहरुले बताएका छन। लामो समय फौजी कीराको मारमा परेका किसान अहिले सलह कीराको प्रकोप सामना गरि रहेका छन्। ' पहिला फौजी कीरा र अहिले सलह कीराले बालीमा क्षति गऱ्यो 'भिमरुक गाउँपालिका-१ बुढाचौरका किसान चित्र बहादुर खत्रीले भने, 'मकैबाली नष्ट गरेपछि अब भोकमरी लाग्ने भयो, हामी के खाएर बांच्ने, अब छोराछोरी कसरी पाल्ने हो ?' उनी भन्छन्, 'भर्खर पसाउन लागेको मकै खेती नराम्रोसँग सलहले खाइदिएको छ। १२ रोपनीको बारीमा लगाएको मकै बाली खाएर डाँठ मात्र बनाइदिएको छ।' परिवार पाल्नकै लागि दुस्ख गरेको मकै खेती सलहले सखाप खाएपछि अन्य बालीलाई कसरी जोगाउने भन्ने चिन्ताले सताएको उनी बताउँछन्। ठूलो संख्यामा रहेको सलह कीराले फल्न थालेका मकैका बोट ठूटै पारेको छ। किसानहरू पातविहीन मकैको बोट हेर्दै भविष्यमा भोकमरी हुन सक्ने चिन्तामा छन्।

आगामि दिनमा सलह आए र यसलाई धपाउने उपाय निकाल्न नसके भोकमरीको गम्भीर समस्या पर्न सक्ने भन्दै किसानहरूले सलह रोकथाम र नियन्त्रणका लागि तीनै तहका सरकारले विशेष कदम चाल्नपर्ने आग्रह गरेका छन्।

# नेपालको सातौं धाम मालिकार्जुन मन्दिरमा पूजन जात्रा



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २० असार

नेपालको सातौं धाम मानिने शैल्यशिखर धाम तथा मालिकार्जुन मन्दिरमा शनिबार पूजन जात्रा लागेको छ। हरेक वर्ष असार शुक्ल चतुर्दशीका दिन लाग्ने जात्रा शनिबार भएको हो। मालिकार्जुन गाउँपालिका र शैल्यशिखर नगरपालिकाको सीमा क्षेत्रमा पर्ने शैल्यशिखर धामको पूजन जात्रा हेर्न सुदूरपश्चिम प्रदेशको दार्चुला, बैतडी, डडेल्धुरालगायतका जिल्ला र भारत, उत्तराखण्डबाटसमेत श्रद्धालु भक्तजन आउने गर्छन्।

पवित्र मनले शैल्यशिखरको दर्शन गर्नाले पुण्य मिल्ने, मनोकामना पूरा हुने र खासगरी निःसन्तालाई सन्तान सुख प्राप्त हुने जनविश्वास रहिआएको छ। हिन्दु धर्माबलम्बीहरुको आस्थाको धरोहर मानिने शैल्य शिखर धामको दर्शन गर्न विवाहित महिला तथा ब्रतबन्ध गरेका पुरुषहरु १५ दिन अगाडिदेखि नै शुद्ध भएर पवित्र मनले शिखर जात्राको यात्रा गर्नुपर्ने जनविश्वास छ।

**कसरी र कहाा भयो मालिकार्जुनको उत्पत्ति ?**

द्वितीय ज्योतिर्लिङ्गको मालिकार्जुनको अवतारी मूल स्थापना दक्षिण भारतको आन्ध्र प्रदेश राज्यको श्री शैल भन्ने ठाउँमा भएको शिव पुराणमा उल्लेख भएको पाइन्छ। त्यहाँबाट कत्युर गडवाल, कुमाऊँ हुँदै दार्चुलातिर आएको मालिकार्जुन भक्ति गाथामा वर्णन गरिएको छ। तत्कालीन डोटी राज्य भित्र पर्ने दुहूँ क्षेत्रमा बम रजवारले डोटी राज्यलाइ कर बुझाइ रजवारी पाएका थिए। यिनका समकालीन उकुका रजवार कल्याण पाल थिए।

डोटी राज्यका शासक निरइदेव पालका भाइ अभय पालका सन्तान भएकाले उकुका रजवार अरू रजवारभन्दा आफू श्रेष्ठ भएका घमण्ड पनि गर्दथे। उकुका रजवार कल्यान पाल र दुहूँका रजवारको शासनकाल एकै समय थियो। दुहूँ र उकुको सिमाना जोडिएकै कारण यी दुवैमा आपसी बैमनुष्य, रिस, राग, द्वैषको अवस्था सिर्जना भइ मन मुटाव भएको थियो। यी दुबैका शासनकाल सम्बत् १९५० तिर रहेको पाइन्छ। यी दुबै रजवार बिचको मनमुटावका कारण सीमावर्ती क्षेत्रमा कर वसुली न्याय, इन्साफजस्ता कार्यमासमेत असर पुगेको थियो। कालु बमभन्दा कल्याण पालको राज्यमा सल्लाहकारको रूपमा परशुराम पन्त, दत्तु जोशी, कर्णदेव विष्ट र एक जना ओझा थरका व्यक्ति थिए। एक पटक तीनै सल्लाहकारहरूले दुहूँका रजवारसँग सन्धि सम्झौता गर्ने सल्लाह दिए।

कल्याण पालको सल्लाह मानि मेलमिलाप गर्ने उद्देश्यले चारै जना सल्लाहकारलाई कालु बम कहाँ पठाए। त्यहाँ गई उक्त प्रस्ताव कालु बमसमक्ष राख्दा प्रस्ताव स्वीकार त गरे। तर आफू कल्याण पालल्ई भेट्न उकु नजाने त्यहाँ गएमा आफ्नो हत्या हुन सक्ने भएकाले बरू सहमतिस्वरूप सौगात पठाइ दिने कुरा कालु बमबाट दर्साउदा सल्लाहकार हरूबाट गाईको गोबरबाट निर्मित मालिकार्जुनको लिङ्ग बनाइ उक्त लिङ्गको कसम खाँदै कल्याण पालबाट कुनै पनि खतरा भएमा आफूहरूले उसको विरोध गर्ने र कालु बमको पक्षमा रहने विश्वास दिलाई कालु बमलाइ उकु ल्याए।

कालु बम उकु पुगेपछि कल्याण पालले सल्लाहकारको राय विपरीत कालु बमको हत्या गरेकाले कल्याण पालको विरोध गर्दै परशुराम पन्त, दत्तु जोशी र कर्णदेव विष्टले राज्य विद्रोह गरे भने ओझा थरका व्यक्तिले राज्य समर्थन गरे। सो विद्रोह गर्नेलाई कल्यान पालबाट प्राण दण्डको सजाय सुनाइयो भने ओझालाई दरवारको विश्वास पात्र बनाइयो।

यसरी दुहूँको दाम्दा कोट (विण) मा स्थापित लिङ्गमा मन्दिर बनाइ सोही समयदेखि पूजा आजा गरिंदै आएको छ। यसको समय सम्बत् १९२० तिर मानिन्छ। मालिकार्जुनको मन्दिरमा कालु बमको राज पुरोहित बडु थरका व्यक्ति नै पूजा आजा गराउँछन् र मालिकार्जुन लिङ्गमा कसम खाएको उल्लङ्घन गरी कालु बमको हत्यामा समर्थन गरेकाले ओझा थरका ब्राह्मणहरूलाई उहिलेदेखि हालसम्म पनि मालिकार्जुनको श्रापका कारण मालिकार्जुन मन्दिरमा ओझाको पानी नचढ्ने र पूजाआजामा समेत ओझाहरूलाई निषेध गर्ने कथ्य परम्परा रहिआएको छ।

बताए।

सहसंयोजक भण्डारीले व्यवसायीहरुले तत्काल सम्वोधन हुनुपर्ने भनी राखेको वार्षिक एक सय जना कामदार अनिवार्य रुपमा वैदेशिक रोजगारीमा पठाउनै पर्ने व्यवस्था हटाउने विषयमा प्रधानमन्त्रीदेखि मन्त्रिपरिषद्का सबै सदस्हयरु जानकार र सकारात्मक रहेको जवाफ अर्थमन्त्री डा. खतिवडाले दिएको भन्दै त्यस विषयमा सकेसम्म छिटो निर्णय गर्ने आश्वासन समेत पाएको बताए।

मञ्चका संयोजक रामप्रसाद भान्तनाको नेतृत्वमा अर्थमन्त्रालय पुगेका मञ्चको टोलीमा सहसंयोजक भण्डारी, संस्थापक अध्यक्ष पोखरेल, पूर्वअध्यक्षद्वय बलबहादुर तमाङ र हरीबहादुर पाण्डे क्षेत्री, मञ्चका निवर्तमान महासचिव डिक बहादुर खत्री (कुमार) र उपमहासचिव गोबिन्द कटवाल सहभागी थिए।

अघिल्लो आर्थिक वर्ष वैदेशिक रोजगारीबाट ८ खर्ब ७९ अर्ब रेमिट्यान्स आएको थियो। चालु आर्थिक वर्षमा रेमिट्यान्स आउनेक्रममा केही शिथिलता आएको भएपनि आठ महिनाको अवधिमा ५ खर्ब ९२ अर्ब रुपैयाँ प्राप्त भएको छ।

वर्तमान मन्त्रिपरिषद्का केही सदस्यहरु वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा दिएको योगदानकाबारेमा जानकार नरहे पनि अर्थमन्त्री डा. खतिवडाले भने वैदेशिक रोजगार मुलुकको अर्थतन्त्रका लागि आवश्यक रहेको भन्दै यसले निरन्तरता पाउनुपर्ने धारणा सार्वजनिक गरिरहेका छन्।

गत साता सोमबार नेपाल उद्योग परिसंघको १७ औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले अन्तर्राष्ट्रिय श्रम संगठन र नेपालका विभिन्न सरकारी निकायले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण अनिवार्य रुपमा लाखौं नेपाली स्वदेश फर्किन सक्ने भनी तथ्यांक सार्वजनिक गरेको भएपनि वैदेशिक रोजगारमा गएका अत्यन्त थोरै नेपाली कामदार फर्किने अवस्थाले नेपाली अर्थतन्त्रले सहजता महशुस गरेको बताएका थिए।

व्यवसायीहरुले वैदेशिक रोजगार क्षेत्रले नेपाली अर्थतन्त्रमा २८ प्रतिशत योगदान दिई प्रत्यक्ष अप्रत्यक्ष रुपमा होटल, रेष्टुरेण्ट, यातायात, स्वास्थ्य क्षेत्र, अभिमुखीकरण तथा सीप तालिम प्रदायक संस्थाहरु, बीमा कम्पनीसमेतलाई चलायमान बनाएको भन्दै सरकारले त्यसको महत्व कम आँक्न नहुनेमासमेत अर्थमन्त्री डा. खतिवडाको ध्यानाकर्षण गराएका छन्।

यादव, गगनकुमार थापा, जीवन परियार, पार्वता डी.सी. चौधरी, गुरुराज घिमिरे, मोहनबहादुर बस्नेत, रमा कोइराला पौडेल, ध्रुव वाग्ले, दिव्यमणी राजभण्डारी, राजीवविक्रम शाह, नैनसिंह महर, योगेन्द्र चौधरी, पोषराज पाण्ड सदस्य छन्।

त्यस्तै विमल ढकाल प्रभु बुढाथोकी, माधवी भट्ट, लक्ष्मीराज पाठक, मुक्तिराम श्रेष्ठ, बद्री सिग्देल, अच्युत वाग्ले, सूर्यकान्त घिमिरे, प्रेमध्वज लामा, धनेश्वर नेपाल, किरण रेग्मी, रवीजंग पाण्डे, बद्री अर्याल, लालबहादुर पुन, देवीप्रकाश भट्टचन, अशेष ढुंगाना, दिपकराज भट्ट, सरिन घिमिरे सदस्य रहेका छन्। समितिको सदस्य सचिवमा डा. प्रदीप पराजुली रहेका छन्।

समितिको शुक्रबार पार्टी केन्द्रिय कार्यालय सानेपामा बैठक बसेको थियो। बैठकमा संयोजक डा. महतले कोभिड-१९ का कारण जनस्वास्थ्यमा परेको असरहरुका सम्बन्धमा स्वास्थ्य र अर्थ मन्त्रीहरुसँग भएको छलफल, क्वारेन्टिन अनुगमनको स्थितिलगायत हालसम्मका समितिले सम्पन्न गरेका कामहरुबारे सदस्यहरुलाई जानकारी दिएका थिए।

समितिले स्वास्थ्य, शिक्षा, पर्यटन, वैदेशिक रोजगार, अर्थ, उद्योग तथा वाणिज्य लगायतका विभिन्न क्षेत्रहरुमा कोरोनाले पारेको प्रभाव र न्यूनिकरण गर्न हालसम्म सरकारबाट गरिएका गतिविधिकाबारेमा अध्ययन गर्न उपसमिति गठन गर्ने निर्णय गरेको छ। सदस्य सचिव पराजुलीले समितिको कार्यदिशा तथा कार्ययोजनालाई समेत शुक्रबार सर्वसम्मत पारित गरेको जानकारी दिए।

कोभिड-१९ संक्रमणले विश्वव्यापीरुपमा भयावह रुप लिनुअघि नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगार क्षेत्रले एक चौथाई योगदान दिएको थियो। संयोजक डा. महतले कोभिड-१९ को सम्भावित संक्रमणबाट मुलुक अन्य क्षेत्रसँगै वैदेशिक रोजगार र यस क्षेत्रमा रहेका व्यवसायीहरुलाई जोगाउन नेपाली कांग्रेसले अध्ययन गरी नेपाल सरकारको ध्यानाकर्षण गराउने बताए।

कोभिड-१९ विरुद्धको लडाइँमा सरकारलाई सहयोग गर्ने आशयका साथ सरकारले स्थापना गरेको 'कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष' मा नेपाली कांग्रेसले सुरुमै ५० लाख रुपैयाँ नगद जम्मा गरेको भन्दै संयोजक डा. महतले संक्रमणबाट प्रभावित भई विदेशबाट फर्किएका र स्वदेशमै बेरोजगार भएका लाखौं नागरिकहरुको आर्थिक जीवन संकटमा परेकाले तत्काल प्रभावकारी राहतको माग समेत गरेका छन्।

नेपाली कांग्रेसले कोरोना भाइरसका कारण रोजगारी गुमाई विदेशबाट फर्कनुपर्ने बाध्यात्मक अवस्थामा रहेका नेपालीहरुलाई विना भेदभाव र न्यूनतम जहाज भाडामा स्वदेश फर्किने व्यवस्था गर्न समेत सरकारसँग माग गरेको छ।

# टिपर दुर्घटनामा दुई जनाको मृत्यु

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २० असार

प्यूठानमा टिपर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। जिल्लाको सरुमारानी गाउंपालिका ६ मोतिपुर नजिकै टिपर दुर्घटना हुँदा टिपर चालक र सहचालकको घटनास्थलमै मृत्यु भएको हो। जिल्लाको लुप्लुङबाट शुभ श्री अग्नि सिमेन्ट उद्योगका लागि चुनढुङ्गा बोकेर दाङतर्फ जाँदै गरेको ना ७ ख ८९३८ नम्बरको टिपर शनिबार बिहान ९ बजेतिर दुर्घटनामा परेको हो।

दुर्घटनामा परी टिपर चालक नौबहिनी गाउँपालिका ६ पिपलटारीका ३० वर्षीय रोशन थापा र सोही ठाउँ निवासी सहचालक ३५ वर्षीय जोग बहादुर पुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी नायब उपरीक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए। टिपर सडकबाट ५०० मिटर तल माडी नदिमा खसेको थियो। घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## पहिरोमा...

माथिबाट अलिअलि पहिरो आउँदा जानकारी भएपछि हल्लाखल्ला गरेर राति सबै घरबाट बाहिर निस्कियौ" घटनाका स्थानीयवासी सुरेश जेठाराले भने, "उहाँहरु भाग्न नसकेर पहिरोमा पुरिएका हुन्। गाउँको माथिपट्टि रहेको रातोपड सामुदायिक वनबाट पहिरो आएपछि १८ घर पूर्णरुपमा क्षति भएका छन्। उहाँका अनुसार पहिरोमा परी २२ भैंसी, ६५ बाख्रा र २४ गाई-गोरुसमेत बगाएको छ।"

पहिरोले गाउँको बीच भाग हुँदै १८ घर बगाएपछि मल्लेसी गाउँ शोकमा डुबेको छ। यसरी एक्कासि पहिरोले गाउँ बगाएपछि मल्लेस गाउँका १८ परिवारको उठिबास भएको छ। स्थानीयवासी नरेश बोहराले भने, "शरीरमा लगाएका लुगा कपडाबाहेक सबै पहिरोले लग्यो। घरभित्रको खाद्यान्न, लत्ताकपडा, धन सम्पत्ति र गाई-गोरुसमेत सबै बगे। झण्डै २० रोपनी जग्गामा लगाएको धानबालीसमेत पुरेको छ।"

जुइली गाड र सुङरी गाडको बीचमा रहेको उक्त गाउँ जानलाई आवतजावत गर्नसमेत समस्या छ। दुवै गाडमा अत्यधिक मात्रामा पानी भएपछि अरू गाउँसमेत जान समस्या छ। यो गाउँमा ९० परिवारको बसोबास छ। यस घटनामा क्षति भएका पीडित परिवारहरुलाई राहत दिनका लागी गृह मन्त्रालयसँग समन्वय भइरहेको प्रतिनिधिसभा सदस्य आशा विकले बताए।

प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीले नेपाली सेनाको हेलिकप्टरबाट राहत सामग्री लिने कुरा भएको बताए। अबेरसम्म शव निकाल्ने काम भएकाले क्षतिको विवरण लिन बाँकी भने बाँकी छ।

स्थानीय लोकेन्द्र विकका अनुसार, त्यहाँको एउटा पावरहाउस पनि पहिरोले पुरिएको छ। घटनास्थल पुग्न जयपृथ्वी राजमार्गअन्तर्गत झोता भन्ने स्थानबाट करिब चार-पाँच घण्टा माथि उक्लिनुपर्छ। त्यहाँसम्म पुग्न हालै शाखा सडक बनाइएको थियो। सो सडक पनि पहिरोले बगाएको छ।

## संख्या ...

दिएको भन्दै मञ्चका संस्थापक अध्यक्ष सरोज कुमार पोखरेलले प्रधानमन्त्री केपी शर्मा ओली र मन्त्रिपरिषद्का अन्य सदस्यहरुसँग छलफल गरेर वैदेशकि रोजगार व्यवसायीहरुले भोग्दै आएका व्यवहारिक कठिनाई हटाउन पहल गर्ने आश्वासन समेत दिएको

## कांग्रेस ...

डा. महतको संयोजकत्वमा रहेको ३५ सदस्यीय समितिले गत शुक्रबार पूर्णता पाएको हो।

समिति सदस्यहरुमा एनपी साउद, महालक्ष्मी उपाध्याय 'डिना', चन्द्र भण्डारी, महेन्द्र

## कामदार ...

भन्दै थप जिम्मेवारीबोध गराएको बताएका छन्।

विशेष गरी कोभिड-१९ बाट बढी प्रभावित मलेसिया, युएई, कतार र साउदी अरब गरी चार देशमा रहेका नेपालीको सहयोगार्थ आईएलओले उक्त सहयोग परिचालित हुने भन्दै अध्यक्ष पन्तले कोभिड-१९ ले श्रम बजारमा पारेको प्रभाव अध्ययन गर्न र श्रमिकको हितमासमेत सो रकम खर्चिइने उल्लेख गरेका छन्।

संघले ती मुलुकमा रहेका नेपालीको सहयोगका लागि नेपाली कूटनीतिक नियोगसँग समन्वय गरी कार्यालय स्थापना गरेर आफ्नो कार्य अघि बढाउने तयारी गरेको भन्दै अध्यक्ष पन्तले ती कार्यालयबाट विदेशमा कोरोनाकै कारण काम छाड्न बाध्य पारिएकालाई सुरुमै कानुनी परार्मश दिने तयारी रहेको बताएका छन्। उनले आईएलओबाट प्राप्त सहयोग नेपाल फर्किनेहरुका लागि समेत खर्च गरिने उल्लेख गरेका छन्। कोरोना भाइरस संक्रमणबाट प्रभावित भई कति नेपाली फर्किने छन् भन्ने एकिन भइसकेको छैन। सरकारले बढीमा ३५ हजार नेपाली फर्किने सूचीमा रहेको बताएको छ।

## ढलमा...

नौ हजार ४२ छ। कोभिड-१९ बाट संक्रमित मुक्त भई गत २४ घण्टामा डिस्चार्ज हुनेको संख्या २७२ छ। हालसम्म डिस्चार्ज हुनेको संख्या छ हजार ४१५ रहेको छ।

मन्त्रालयको दुईवटा कल सेन्टरबाट ८३२ वटा कल प्राप्त भएको छ। हाम्रो स्वास्थ्य एप्लिकेशन डाउनलोड गर्नेको संख्या एक लाख ५६ हजार २०१ छ। त्यसमा सक्रिय प्रयोगकर्ता ८७ हजार ५५० छन्। यहाँ जम्मा इन्ट्री गरिएको संख्या ६८ हजार ७३ छ। शनिबार मात्रै १५१ जनाले इन्ट्री गराएका छन्। त्यसमध्ये रेड जोनमा पर्नेको जम्मा संख्या ५१७ छ। त्यसमध्ये शनिबार दुईजना छन्। उनीहरु सिन्धुपाल्चोक र सुनसरीको छन्।

यसैगरी मन्त्रालयको वेबसाइट हेर्नेको संख्या २९ लाख नौ हजार ९०० रहेको छ। भाइबर ग्रुप प्रयोगकर्ताहरु तीन लाख ९५ हजार ५६३ रहेका छन्। सार्क देशहरुमध्ये कोरोना परीक्षण दर प्रति दश लाख जनसंख्यामा नेपाल अफगानिस्तान, पाकिस्तान, भारत, श्रीलंका र बंगलादेश अगाडि रहेको छ।

प्रवक्ता गौतमले भने, "कोरोना महामारीले संसारभरका देशलाई आक्रान्त पारेको छ, यसबाट धेरैभन्दा धेरै नेपाली दाजुभाइ तथा दिदीबहिनीको जीवनरक्षा गर्ने/गराउने महान् कार्यमा सहयोग गरिदिनु हुने सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछौं, तपाईं आफैँले सामाजिक दूरी, माक्सको प्रयोग गरी साबुनपानीले हात धोई स्यानिटाइजरको उचित प्रयोग गरी तपाईं स्वयम्, घरपरिवारका सदस्यहरु, डाक्टर तथा नर्सलगायत कोरोनाविरुद्ध अग्रपङ्क्तिमा लडिरहनुभएका सम्पूर्णलाई बचाउने महान् कार्यमा योगदान गर्नुहुनसमेत अनुरोध छ।"

# बार्सिलोनासँग लियोनल मेस्सी नै असन्तुष्ट !

**स्पेन, एजेन्सी-** विश्व फुटबलमा बार्सिलोना र मेस्सीको नाम पर्यायवाची जस्तै छ । जब जब बार्सिलोनाको नाम उच्चारण हुन्छ, त्यसमा मेस्सीको नाम कहिले पनि छुट्दैन । यता मेस्सीसँग बार्सिलोना कहिलेपनि छुट्दैन। हुन पनि किन नहोस, जब मेस्सीले व्यवसायीक फुटबलको करियर सुरू गरे, उनको सुरूवात देखि नै बार्सिलोना क्लव पछाडि लागिरहेको छ । त्यहि क्लवबाट उनले विश्व फुटबलमा तहल्का मच्चाएका छन् । तर यतिबेला मेस्सीले बार्सिलोना छोड्छु भन्दा फुटबल बजार निकै ताँतिएको छ।



क्याटालान क्लब बार्साका कप्तान मेसीले आफ्नो सम्भ्mौता नवीकरण गर्न नमानेको खबरले अहिले अन्तर्राष्ट्रिय सञ्चार माध्यममा प्रमुख स्थान पाइरहेको छ। स्पेनिस रेडियो क्याबेलासेरलाई उद्धृत गर्दै रोयटर्सले जनाएअनुसार मेसीले क्लबसँग आफ्नो सम्भ्mौता नवीकरणसम्बन्धी छलफल नै बन्द गरेका छन् । अर्जेन्टाइन स्ट्राइकर मेसीको बार्सासँगको सम्भ्mौता आउँदो वर्ष सकिँदै छ । पछिल्लोपटक तीन वर्षअघि आठौँपटक सम्भ्mौता थप गरेका मेसीले क्याम्प नोउ बस्न नचाहेको रिपोर्टमा जनाइएको छ।

क्लबका नकारात्मक गतिविधिमा आफू संलग्न रहेको भन्ने समाचारबाट मेसी रिसाएको र बार्सा छोड्न चाहेको उल्लेख गरिएको छ । गत जनवरीमा प्रशिक्षक इर्नेस्टो भाल्भर्डे बर्खास्तीमा पर्नुको एउटा कारण मेसी रहेको र उनी टिमको प्रदर्शनबाट पनि खुशी नभएको लगायत समाचार आएका थिए । क्लब छोड्ने विषयमा मेसीका प्रतिनिधि र बार्सिलोनाले भने तत्काल कुनै प्रतिक्रिया दिएका छैनन्।

प्रशिक्षक किके सेतियन र खेलाडीबीच पनि ड्रेसिङ रुपमा तनाव रहेको चर्चा छ। महामारीले स्थगित लिग पुनः सुरु भएपछि बार्साले राम्रो प्रदर्शन गर्न नसक्दा रियाल मड्रिडले अंक तालिकामा स्पष्ट चार अंकको अग्रता बनाएको छ।

महामारीमा खेलाडीको तलब कटौती गर्ने विषयमा पनि क्लबसँग मनमुटाव भएको थियो। त्यसो त कर छलीको मुद्दा लागेदेखि नै मेसीले स्पेन छोड्ने मन बनाएको बताइएको छ।

सन् २००७ देखि २००९ को बीचमा मेसीले ४१ लख पाउन्ड कर छली गरेको पुष्टि भएको थियो, जसमा उनले २१ महिनाको कैद सजाय जरिवाना तिरेर कटाएका थिए । यस घटनाले आफू र परिवारमा निकै नकारात्मक असर परेको मेसीले बताउने गरेका छन् ।

तर एटेलेटिको मड्रिडबाट स्ट्राइकर एन्टोइन ग्रिजमानलाई एक सय आठ मिलियन पाउन्डमा किनेपछि मेसी र क्लब बीचको दूरी बढेको बताइएको छ। मेसीले ब्राजिलियन स्ट्राइकर नेइमारलाई पुनः बार्सा भित्र्याउन चाहेका थिए । गत महिना ३३ वर्ष पुगेका मेसीले यसै साता एटलेटिको मड्रिड विरुद्धको खेलमा करियरको सात सय गोल पूरा गरे तर खेल दुई-दुईको बराबरीमा सकिएपछि उनी खुशी देखिएनन् । लजालु स्वाभावका मेसी अघिल्लै वर्षदेखि क्लब प्रति आलोचनात्मक रुपमा प्रस्तुत भइरहेका छन् ।

केही समयअघि एक अन्तर्वार्तामा मेसीले बार्सामै करिअर टुंग्याउने सोचका कारण आफूलाई कुनै पनि क्लबहरुले प्रस्ताव नगरेको बताएका थिए । बाल्यकालको आफ्नो अर्जेन्टाइन क्लबमा फर्कन चाहेको पनि उनको भनाइ थियो । बार्सिलोनासँगको २० वर्षे अनुबन्धन तोडेमा मेसीले खेल जीवन कहाँ बिताउँछन् ? यो विषय अहिले समर्थकबीच मात्र होइन, विश्व फुटबलमा नै बहसको विषय बनिरहेको छ ।

# कोरोना महामारीलाई बेवास्ता नगर्न विश्व स्वास्थ्य संगठनको आग्रह

**जेनेभा, सिन्हुवा-** विश्व स्वास्थ्य संगठनले विश्वमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्ने क्रममा नै रहेको बताउँदै प्रभावित सबै मुलुकहरूलाई कोरोनाभाइरसको सङ्क्रमण फैलिने क्रमलाई नियन्त्रणमा लिन यथोचित उपायको अवलम्वनका लागि आग्रह गरेको छ ।



विश्वका सबै देशका नागरिकले कोभिड-१९ सङ्क्रमण दरमा कमी नआएको यथार्थलाई मध्यनजर गर्दै सचेत बन्नुपर्ने आजको आवश्यकता रहेको छ, संगठनका आपतकालीन सेवा निर्देशक मिखायल र्‍यानले सञ्चारकर्मीसँगको भेटमा स्थानीय समय अनुसार शुक्रबार राति बताए ।

उनले भने, अहिलेसम्म विश्वभर एक करोड ११ लाखभन्दा बढी व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको र पाँच लाख २९ हजारभन्दा बढीको मृत्यु भएको छ। सबैभन्दा बढी सङ्क्रमित अमेरिकी क्षेत्रमा रहेको र त्यसमा पनि संयुक्त राज्य अमेरिकामा कोभिड-१९ सङ्क्रमण र यसका कारण मृत्यु हुनेको सङ्ख्या विश्वका अन्य कुनै एक मुलुकभन्दा बढी रहेको छ ।" विश्वमा कैयौँ राष्ट्रले तथ्याङ्कले के भनिरहेको छ भन्ने कुरामा वेवास्था गरिरहेको बताउँदै विश्व स्वास्थ्य संगठनका अधिकारीले भने, "महामारीलाई नियन्त्रणमा लिन कहिल्यै पनि धेरै ढिलो गर्नु हुँदैन ।"

उनले थपे, "अर्थतन्त्रलाई चुस्त दुरूस्त राख्नुपर्ने बाध्यता कुनै पनि राष्ट्रहरूलाई छ । यो सबैले बुझ्न सक्ने कुरा हो तर स्वास्थ्य सङ्कटलाई पनि वेवास्था गर्नु हुँदैन । यो समस्या जादुमयी तरिकाले हट्नेछैन ।"

# भारतमा कोरोनाको मृत्यु दर बढ्दो

**नयाँदिल्ली, एजेन्सी-**भारतमा शनिबारसम्म कोभिड-१९ सङ्क्रमित १८ हजार ६५५ भारतीयको मृत्यु भएको भारतको सङ्घीय मन्त्रालयले जानकारी गराएको छ । भारतमा छ लाख ४८ हजार ३१५ व्यक्तिमा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको छ । विगत २४ घण्टामा भारतमा थप २२ हजार ७७१ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको र ४४२ सङ्क्रमितको मृत्यु भएको मन्त्रालयद्वारा सार्वजनिक प्रेस विज्ञप्तिमा जानकारी गराइएको छ । विज्ञप्ति अनुसार "शनिबार १८ हजार ६५५ सङ्क्रमितको मृत्यु भएको र छ लाख ४८ हजार ३१५ जनामा सङ्क्रमण देखिएको छ । त्यस्तै अहिलेसम्म तीन लाख ९४ हजार २२७ सङ्क्रमित निको भई अस्पतालबाट घर फर्किएका छन् ।" शुक्रबार विहानसम्म सङ्क्रमितको सङ्ख्या छ लाख २५ हजार ५४४ रहेको थियो भने मृत्यु सङ्ख्या १८ हजार २१३ रहेको थियो ।



# कोरोनाविरुद्ध सचेतना दौड

**काठमाडौं, मस-**लव एन्ड सपोर्ट फाउन्डेसनको आयोजनामा कोरोना सचेतना दौड शनिबार सञ्चालन गरियो। बैकुण्ठ मानन्धर खेलकुद नेपाल र प्रयास मञ्चको सह-आयोजनामा भएको दौडको नाम बैकुण्ठ मानन्धर ५ किलोमिटर भेट्रान रोड रेस दिइएको थियो।

दौडमा ३ महिलासहित २५ जना प्रतिस्पर्धी सहभागी थिए । कोरोना भाइरस (कोभिड- १९) का दौरान २५ जना भन्दा बढी भेला हुन नपाउने नेपाल सरकारको नियमलाई पालना गरी २५ जना मात्र सहभागी गराएर दौड सञ्चालन गरिएको पूर्व धावक समेत रहेका दौड संयोजक बुद्धवीर लामाले जानकारी गराए। कोरोना भाइरसको जोखिमलाई मध्यनजर गरी उच्च सतर्कता अपनाउनुका साथै कोरोना भाइरसका दौरान कसरी सतर्क रहने भन्ने सन्देश प्रवाह गर्न दौड आयोजना गरिएको संयोजक लामाले बताए।

सहभागी सबैले 'सावधानी अपनाऔं', 'भौतिक दूरी कायम गरौं', 'आफू बाँचौं र अरुलाई पनि बचाऔं', 'दौडौ र स्वास्थ्य रहौं' र 'कोराना भगाऔं र सामान्य जीवनमा फर्कौं' भन्ने नारा लेखिएको सन्देशमुलक प्ले कार्डलाई चेस्ट नम्बरका रुपमा प्रयोग गरेका थिए।

सहभागी सबैले निर्धारित २५ किलोमिटर दूरी तय गर्न सफल भए । सहभागी मध्ये सबै भन्दा पाका ८४ वर्षीय डा. खगेन्द्रबहादुर श्रेष्ठ रहे। श्रेष्ठ डा. खगेन्द्रबहादुर श्रेष्ठ स्पोर्ट्स फाउन्डेसनका अध्यक्ष पनि हुन्। अन्य सहभागीमा दक्षिण एसियाली खेलकुदका कीर्तिमानी पूर्व धावक बैकुण्ठ मानन्धर, एभरेष्ट म्याराथनकी तीन पटककी विजेता याङदी लामा शेर्पा, एसियन मास्टर्स एथलेटिक्स च्याम्पियनसिपका कांस्य विजेता धर्म महजर्न, संयोजक बुद्धवीर लामालगायत रहेका छन्। लामा बैकुण्ठ र अर्का पूर्व धावक जितबहादुर केसीले म्याराथनमा प्रतिस्पर्धा गर्ने बेलाका निकटम प्रतिद्वन्द्वी हुन्। बैकुण्ठ र केसीले फरक-फरक म्याराथनमा प्रतिस्पर्धा गर्दा सहभागी लामा जहिले पनि दोश्रो हुन्थे।

कोरोना सचेतना दौड त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कार्यालयको मुल गेट बाहिरबाट सुरु भइ विभिन्न भागको परिक्रमा गरी पुनः त्यही आएर टुंगिएको थियो । दौडलाई तीन समूहमा विभाजन गरी प्रतिस्पर्धा गराइएको थियो । ६० वर्षमाथि उमेरसमूहमा शम्भु दाहाल पहिलो, पुष्पलाल श्रेष्ठ दोश्रो र मंगलदास तण्डुकार तेश्रो भए।

महिला खुला समूहमा याङदी लामा शेर्पा पहिलो, सीता रिमाल दोश्रो र राधा श्रेष्ठ तेश्रो बने । ४० देखि ५९ वर्ष उमेरसमूहमा धर्म महर्जन प्रथम, भीमबहादुर गुरुङ द्वितीय र दीपककुमार रन्जित तृतीय स्थानमा रहे । विजेतालाई डा. खगेन्द्रबहादुर श्रेष्ठले प्रमाण पत्र र पदक वितरण गरे । सहभागीलाई पनि प्रमाण पत्र र पदक प्रदान गरिएको थियो।

# तेस्रो ठूलो क्रिकेट रंगशाला राजस्थानमा



**नयाँदिल्ली, एजेन्सी-**भारतको राजस्थानमा विश्वकै तेस्रो ठूलो क्रिकेट स्टेडियम बन्ने भएको छ।

यसको डिजाइन पनि फाइनल भइसकेको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् । ४१.४७ हेक्टरमा बन्ने यो स्टेडियामको लागत करीब ३५० करोड भारतीय रुपैयाँ लाग्ने छ।

राजस्थान क्रिकेट एशोसिएशनका सचिव महेन्द्र शर्माका अनुसार यो स्टेडियम ७५ हजार दर्शक क्षमताको हुने छ । अहम्दाबादको मोटेर स्टेडियम तथा अस्ट्रेलियाको मेलबर्न स्टेडियम पछि यो विश्वकै सर्वाधिक तेस्रो ठूलो स्टेडियम हुने छ।

मोटेराको दर्शक क्षमता एक लाख १० हजार तथा मेलवर्नको क्षमता १ लाख २ हजार रहेको थियो। राजस्थान क्रिकेट एशोसिएशन (आरसीए)का अनुसार चौप गाउँमा जमीन तयार पारिएको छ। यसमा इन्डोर गेम्सको सुविधाका साथै अरु खेलको तालिम गर्ने एकेडेमीका साथै ४ हजार कार अटाउने पार्किङस्थल पनि बनाइने जनाइएको छ।

आरसीएका अनुसार यो स्टेडियम २ चरणमा निर्माण पुरा हुने छ। पहिलो चरणमा ४५ हजार दर्शक क्षमताको हुने छ भने दोस्रो चरणमा बढाएर ७५ हजार पुर्‍याइने छ। स्टेडियम काम शुरु भएको २ वर्ष भित्र पुरा गर्ने लक्ष्य लिइएको छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०७/०५ मा दर्ता भएको **प्रा.लि. नं. १५७५०१** को **स्किल ईन्टरनेशनल ईन्क प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**ग्रिन तारा होटल प्रा.लि.को**
**खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/११/१८ मा दर्ता भएको प्रा.लि. नं. ६०७७६/०६५/०६६ को ग्रिन तारा होटल प्रा.लि.लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०७७/०३/१५ को विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाकी बक्यौता, लेनदेन आदी भएमा स-प्रमाण सहित हकदाबी गर्न यो यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय का.जि.का.म.न.पा. २६ सामाखुसी कपुरधारांमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिको भुक्तान भएपछि कम्पनी कानून बमोजिम खारेजी भइजाने र कम्पनी खारेज भएपछि कोही कसैको दाबी नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**लिक्वीडेटरः लक्ष्मण श्रेष्ठ**
**इजाजतपत्र नं. ३६९, फोन नं. ९८५१०७८५४०**

**मुल्य सूची**

Akash International **द्वारा विकी वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ।**

| सि.नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंम्बर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा विकी मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | LED TV | AWAI | LED TV 32" Frameless | 32" | 14000/- | |

**AKASH INTERNATIONAL** Kuleshwor, Kathmandu, Nepal. Ph: 4302480

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७/०३/२१

यस कम्पनीको मिति २०७६/१०/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साहारा फिजियोथेरापी अस्पताल एण्ड ट्रेनिङ्ग सेनटर प्रा.लि. (प्रा.लि.नं. १४२९५७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **साहारा फिजियोथेरापी हस्पिटल ट्रेनिङ्ग सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/२१

यस कम्पनीको मिति २०७६/१२/०४ मा सम्पन्न विशेष/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **इशा एण्ड इशिका यातायात एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १९२८३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०२/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **इशा एण्ड इशिका कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**Invitation for Bids**

**Government of Nepal (GoN)**

**Bishnupur Rural Municipality,Siraha**

**Invitation for Bids for the**

**Construction Executive Office Building Of Bishnupur Rural Municipality**

Contract Identification No: BRM-20-E1-2076/77
Date of publication: Ashard 21th 2077 (July 5st 2020)

1. The Government of Nepal [GoN] ***has allocated funds*** towards the cost of Construction of ***Executive Office building of Bishnupur Rural Municipality*** intends to apply part of the funds to cover eligible payments under the Contract ***for Construction of Executive Office Building of Rural Municipality.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Office of Bishnupur Rural Municipal Executive*** invites sealed bids or electronic bids from eligible bidders for the construction of ***Construction of Executive Building of Bishnupur Rural Municipality*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs86.97 millions***
   - Minimum Work experience of similar size and nature: ***At least 2 Two RCC Framed structure building project that has been successfully or substantially completed and that is similar to the proposed work value of at least NRs 20millions each in last five years.***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21.1(b) of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
5. Bidder Should submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   ***Information to deposit the cost of bidding document in Bank:***
   Name of the Bank: ***Mega Bank Nepal Ltd, Bishnupur, Siraha***
   Name of Office : ***Bishnupur GauKryaplika ko Karyalaya***
   Office Code no.:***16-365-29***
   Office Account no:***0950010015987***
   Bid Document Price: ***NRs.10,000/-***
6. Pre-bid meeting shall be held at ***Office Bishnupur Rural Municiapl Executive, Siraha at 13:00 hours,15th Sharawn 2077 (29th July 2020)***
7. Electronic bids must be submitted through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before ***12:00 hours*** on ***20th Shrawan 2077 (04th August 2020).*** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hours 20th Shrawan 2077 (04th August 2020)*** at the office of ***Office of Bishnupur Rural municipal Executive, Siraha.*** Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.***1739543.00,*** which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. 1st January 2021)***
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Summery**

| Contract No/ID | Description of work | Bid Security Amount | Bid Document Price | Last Date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|
| BRM-20-E1-2076/77 | Construction Executive Office Building Of Bishnupur Rural Municipality | NRs. 17,39,543.00 | NRs. 10,000.00 | 12:00 hours 20th Sharawn 2077 (04th August 2020) | 13:00 hours 20th harawn 2077 (04th August 2020) |

**Office Bishnupur Rural Municipal Executive**

## साविकको सहयोगी विकास बैंकसँग

# सिटिजन्स बैंकको एकीकृत कारोबार शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त सहयोगी विकास बैंक लिमिटेडलाई नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति पश्चात प्राप्ति गरी शनिबारबाट एकीकृत कारोबार शुभारम्भ गरेको छ ।

सिटिजन्स बैंक र साबिकको सहयोगी विकास बैंक लिमिटेडका सञ्चालक तथा उच्च व्यवस्थापनका कर्मचारीहरु सहभागी भएको एक विशेष समारोहबीच सिटिजन्स बैंकका सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीले संयुक्त कारोबारको शुभारम्भ गरेका हुन् ।




असार १९ गतेसम्मको तथ्यांकको आधारमा सिटिजन्स बैंकले सहयोगी विकास बैंकलाई प्राप्ति गरेपछि सर्वसाधारणबाट उठाएको निक्षेप रु. ९१ अर्ब ३५ करोड रुपैयाँ र सर्वसाधारणलाई दिएको ऋण लगानी रु. ७९ अर्ब ५८ करोड रुपैयाँ पुगेको छ । प्राप्ति पश्चात बैंकको कुल शाखा १० ९ पुगेको छ ।

हाल सिटिजन्सको चुक्ता पुंजी ८ अर्ब ६२ करोड रुपैयाँ रहेकोमा प्राप्ति पछिको चुक्ता पँजी ९ अर्ब ८ करोड रुपैयाँ रहेको छ । धनुषा, महोत्तरी मा हाल ४ वटा शाखाहरुबाट सेवा प्रदान गर्दै आएको यस बैंकले अब उपरान्त कुल १७ वटा शाखाहरुबाट उच्चस्तरीय वित्तीय सेवाहरु थप परिस्कृत रुपमा प्रदान गर्नेछ जसबाट यस क्षेत्रका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

उक्त कार्यक्रममा बोल्दै सिटिजन्स बैंक सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीले यस प्राप्ति पश्चात बैंकको आन्तरिक वित्तीय, मानवश्रोत, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि हुने कुरा व्यक्त गरे । मर्जर र प्राप्तिबाट संख्या घटाउने नेपाल राष्ट्र बैंकको नीतिलाई सहयोग पुग्ने विश्वास र यस किसिमको प्राप्तिले व्यवसायिक क्रियाकलाप एवं देशको समग्र वित्तीय क्षेत्रको गतिविधिमा समेत विशेष योगदान पुग्ने विश्वास भण्डारीले जाहेर गरे ।

त्यसै गरी साबिकको सहयोगी विकास बैंक लिमिटेडका सञ्चालक समितिका अध्यक्ष उदय कान्त झा 'जीवन'ले सहयोगी विकाश बैंकका ग्राहक, कर्मचारी र लगानीकर्ताहरुको हित र भविष्य सिटिजन्स बैंकमा अझ झन् सुरक्षित र उज्वल हुने कुरा अभिव्यक्त गरे ।

त्यसैगरी, सिटिजन्स बैंकका संचालक तथा मर्जर तथा प्राप्ति समितिका संयोजक प्रवल जंग पाण्डेले प्राप्ति पश्चात बैंकको प्रतिस्पर्धात्मक क्षमताको अभिबृद्धि हुने, बैंकको वित्तीय, मानव-संशाधनका साथै प्राविधिक एवं अन्य क्षमताको अभिवृद्धि भई ग्राहकलाई आधुनिक, गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सुविधा प्रदान गर्न सहज हुने कुरा व्यक्त गरे । देशको बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न मद्दत पुग्ने विश्वास अभिव्यक्त गरे ।

संयुक्त कारोबारको शुभारम्भ समारोहमा बोल्दै सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले मर्जर पश्चात कर्मचारीहरुको उचित व्यवस्थापन र दक्षता अभिवृद्धि गरी बैंकको व्यवसाय वृद्धिका लागि ठोस कार्यक्रमहरु अबलम्बन गर्ने बताए । बैंकको बढ्दो व्यवसाय, शाखारसञ्जाल तथा अन्य स्रोतहरुबाट सृजित हुन सक्ने जोखिमहरु अध्ययन गरि पहिचान गर्ने तथा त्यस्ता जोखिमको उचित व्यवस्थापन गरी संभावित हानीलाई न्यून गर्नको लागि स्थापित जोखिम व्यवस्थापन संयन्त्रलाई थप प्रभावकारी बनाउँदै जाने योजना रहेको बताए ।

प्रदेश नं २ मा सेवा दिदैं आएको साबिकको सहयोगी विकास बैंकको १३ वटा शाखाहरु गरी यस प्रदेशमा बैंकले कुल २१ वटा शाखाहरुबाट सेवा प्रदान गर्नेछ । बैंकले करिव साढे पाँच लाख ग्राहकलाई वित्तीय सेवा प्रदान गर्दै आएकोमा अबवाट करिव साढे ६ लाख ग्राहकवर्गलाई सेवा प्रदान गर्नेछ । यस प्राप्ति पश्चात सिटिजन्स बैंकको प्रदेश नं २ मा उपस्थिति झन् दरिलो हुने कुरा बैंकका प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताए ।

२०६४ बैशाख ७ गते देखि २० औं वाणिज्य बैंकको रुपमा बैकिङ्ग कारोबार शुरु गरेको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यस अगावै नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था पिपल्स फाइनान्स लिमिटेड, नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लिमिटेड र प्रिमियर फाइनान्स लिमिटेडलाई प्राप्ति गरिसकेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १०९ वटा शाखा, ९८ वटा एटीएम र १०४ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव साढे ६ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

# सोमबारदेखि रसुवागढी नाका सुचारु गर्ने तयारी



**काठमाडौं/मस**-कोभिड-१९का कारण बन्द गरिएको नेपाल-चीन व्यापार नाका रसुवागढी सुचारु हुने भएको छ । आउँदो सोमबार २२ गतेदेखि उक्त नाका पुनःसञ्चालनमा ल्याउन लागिएको हो । सरकारले एकतर्फी रुपमा नाका सञ्चालन गर्न लागेको छ । चीनबाट नेपालमा सामान आउने तर, नेपालबाट चीनमा कुनै पनि सामान नजाने हिसावले एकतर्फी नाका सञ्चालन गर्न लागिएको भन्सार विभागले जानकारी दिएको छ । उक्त नाका खोल्ने पक्षमा चिनियाँ पक्ष पनि राजी भएको विभागको भनाई छ । विभागका अनुसार बिहीबारदेखि सामग्री नेपाल भित्रने सामान लोड हुन थालेको छ। गत साता बसेको दुई देशबीचको सीमा सुरक्षा बैठकले केही सर्त राखेर नाका सञ्चालनमा ल्याउने सहमति भएको हो । सामान आयात गर्नको लागि नेपाली पक्षले चिनियाँ पक्षलाई १५ जना चालक र १५ जना कामदारको विवरण उपलब्ध गराइसकेका छ । चीनले नेपाल-चीनको सीमा मितेरी पुलसम्म चिनियाँ पक्षले नै सामग्री ल्याइदिने छ । सुरुमा ट्रायलका लागि चिनियाँ चारवटा ट्रकले सामग्री लिएर मितेरी पुल आउने छन् । मितेरी पुलमा सामग्री लिन जाने चालक तथा लोड अनलोडका लागि जाने कामदारको दैनिक परीक्षण गरिने छ । मितेरी पुलबाट चीनतर्फ जान पाइने छैन । चीनतर्फको दोस्रो ठूलो नाका सोमबारबाट पुनः सञ्चालनमा ल्याउन लागिएको हो । कोरोना भाइरस संक्रमणको जोखिमबाट पर्न सक्ने असरका वारेमा मध्यनजर गर्दै गएको माघ १५ गतेदेखि रसुवागढी नाका बन्द भएको थियो । चीनसँग सञ्चालनमा रहेका दुईवटा नाकामध्ये सिन्धुपाल्चोकको तातोपानी नाका यसअघि नै सञ्चालनमा आइसकेको छ । तातोपानी नाकाबाट पनि एकतर्फी रुपमा मात्रै सामान नेपाल भित्रिरहेको छ । सोही मोडलमा अन्य नाका पनि सुचारु रहेको महानिर्देशक दाहालले बताए ।

# एनआईसी एशिया लघुवित्तको साधारण शेयर बाँडफाँड



**काठमाडौं/मस**-एनआइसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको साधारण शेयर शनिबार बाँडफाँड भएको छ । सानिमा क्यापिटलले सर्वसाधारणमा बिक्री गरिएको शेयर बाँडफाँड गरेको हो । उक्त कम्पनीको शेयर आवेदन गर्ने सबैले न्यूनतम् १० कित्ताका दरले शेयर प्राप्त गरेको छन् । कूल ४६ हजार ५७९ जनाले गोलाप्रथाको माध्यमबाट थप १० कित्ता शेयर प्राप्त गरेको बिक्री प्रबन्धक सानिमा क्यापिटलले जनाएको छ ।

सो लघुवित्तले प्रतिशेयर रु १०० अङ्कित दरका ४६ लाख ५५ हजार कित्तामध्ये ७४ हजार कित्ता कर्मचारीलाई, २ लाख ३७ हजार ८०० कित्ता सामूहिक लगानी कोष र बाँकी रहेको ४४ लाख ४३ हजार २०० कित्ता साधारण शेयर यही असार १० देखि १४ गतेसम्म सर्वसाधारणलाई बिक्री गरेको थियो । सो सार्वजनिक निष्कासनमा ५.१९ गुणा बढी आवेदन परेको थयो ।

# ऊर्जा प्रणालीलाई गरिबमैत्री बनाउनुपर्नेमा जोड

**काठमाडौं/मस**-नेपालको संविधान तथा अन्य विभिन्न ऐन, नियमहरूमा गरिब, विपन्न तथा सीमान्तकृत समुदायको पक्षमा राज्यले प्रदान गर्ने सेवा, सुविधाका बारेमा उल्लेख भएपनि तिनको कार्यान्वयन भने प्रभावकारी रूपमा हुन नसकेको बताएको छ । नेपाल इनर्जी फाउण्डेशनद्वारा नेपालको ऊर्जा प्रणालीलाई कसरी गरिबमैत्री बनाउन सकिन्छ भन्ने विषयमा आयोजित गोष्ठीमा सहभागी वक्ताहरूले अन्य क्षेत्रमा जस्तै ऊर्जा प्रणालीमा पनि ती वर्ग समुदायका मानिसले राज्यबाट अतिरिक्त लाभ लिन नसकेको धारणा राखे ।

सो अवसरमा अधिवक्ता एवं प्राकृतिक स्रोतविज्ञ दिलराज खनालले अहिले पनि आर्थिक रूपमा १८ प्रतिशत जनता विद्युत् उपयोग गर्न सक्ने अवस्थामा रहेको उल्लेख गर्दै पछाडि पारिएका जातजाति, वर्ग समुदायलाई हेर्ने हो भने त्यो भन्दा ठूलो संख्याका मानिसको विद्युत्मा पहुँच पुग्न नसक्ने बताए । उनले गरिबको ठोस परिभाषा नहुँदा र राज्यले वितरण गर्ने गरिबको परिचयपत्रको अन्योलका कारण वास्तविक गरिब वर्ग राज्यबाट प्रदान गरिने अवसरबाट बन्चित रहनुपरेको बताए । फाउण्डेशनका कार्यकारी निर्देशक डिल्ली घिमिरेले नीति, कानूनको तर्जुमादेखि कार्यान्वयन चरणसम्म सरकारी कर्मचारी र सेवाप्रदायकहरूकै बोलबाला रहने हुँदा विपन्न वर्गको पक्षमा निर्णय हुन नसकेको बताए । उनले गरिब जनताको ऊर्जाको वास्तविक पहुँच र न्यायको विषय राष्ट्रिय एजेण्डाको विषय नबनेसम्म गरिब र पछाडि पारिएका वर्ग समुदायले ऊर्जामा पहुँच राख्न सक्दैनन् भने । कार्यक्रममा फाउण्डेशनकी ऊर्जा अधिकृत रोजिना शर्माले देशको वर्तमान ऊर्जा अवस्थाका बारेमा तथ्याङ्क प्रस्तुत गर्दै अहिले पनि झण्डै १३ प्रतिशत (सात लाख ४० हजार ५११ घरधुरीका वासिन्दा) जनता विद्युत्को पहुँचबाट बाहिर रहेको बताए । राष्ट्रिय समाचार समितिका कार्यकारी सम्पादक कृष्ण अधिकारीले अहिलेसम्म वहस हुन नसकेको गरिब र सीमान्तकृत वर्गको ऊर्जामा पहुँचको अधिकार र न्यायका पक्षमा सञ्चारमाध्यमहरूले कलम चलाउनुपर्ने आवश्यकतामा जोड दिए ।

# ६० रुपैयाँको औषधि दुई हजार ४०० मा बिक्री

**मेलम्ची/मस**-सिन्धुपाल्चोकका केही औषधि पसलले लकडाउनको फाइदा उठाउँदै वढी मूल्य लिई औषधि विक्री गरेको भेटिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय र बाह्रबिसे नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा बाह्रबिसे नगरपालिकाका बजार क्षेत्रका औषधि पसलमा शुक्रबार गरिएको अनुगमनका क्रममा वास्तविक मूल्य भन्दा वढी मूल्य लिएको भेटिएको नगर प्रमुख निमफुञ्जो शेर्पाले बताए । उनका अनुसार सेतीदेवी मेडिकल राम्चेले वढी मूल्यमा औषधि बिक्री गरेको पाइएको हो । "मेडिकलले अनियमितता गरिरहेको छ भन्ने सूचनाका आधारमा हामीले नै औषधि किन्न पठाउँदा त्यस्तो प्रमाण पायौं", उनले भने । उनका अनुसार सरकारले निःशुल्क एबोसनको औषधि वितरण गरे पनि बढीमा रु ६० पर्ने औषधिलाई सो मेडिकलले रु दुई हजार ४०० लिएको हो । त्यस्तै सोही मेडिकलले औषधि बिक्रीवितरण गर्दा बिल नदिएको पाइएको छ ।

यसैगरी कुँवेर मेडिकल राम्चे-९ को मेडिकल दर्ता गरे पनि सम्बन्धित व्यक्तिले सञ्चालन नगरी अर्कैले सञ्चालन गरेको पाइएको, सदीक्षा फार्मेसीको बिरामी जाँच्ने आधिकारिक व्यक्ति नभएको पाइएको नगर स्वास्थ्य शाखाको ठहर छ । प्रायः सबै मेडिकलहलमा चिकित्सकको सिफारिसबिना अवैधानिकरूपमा औषधि बिक्री गरेको पाइएको शाखाले जनाएको छ ।

# प्रिमियर इन्स्योरेन्सको २६औं वार्षिक साधारणसभा सम्पन्न

प्रिमियर
INSURANCE
DELIVERING PROMISES

**काठमाडौं/मस**-प्रिमियर इन्स्योरेन्सको २६औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सभाले सञ्चालकमा केदार नारायण मानन्धर र बलराम श्रेष्ठ पुनः निर्विरोध चयन गरेको छ । शुक्रबार सम्पन्न कम्पनीको साधारण सभाले सर्वसाधारण सेयरधनीका तर्फबाट २ जना संचालकलाई पुनः निर्विरोध निर्वाचित गरेको हो । कम्पनीले आर्थिक वर्ष २०७५/७६ मा कुल बीमा शुल्क एक अर्ब ६४ करोड ६७ लाख ८८ हजार रुपैयाँ र २६ करोड ५८ लाख ५ हजार रुपैयाँ खुद नाफा कमाएको छ । हाल कम्पनीको चुक्ता पुंजी एक अर्ब ७ करोड ४५ लाख ६० हजार रुपैयाँ रहेको छ ।

**कोरोना भाइरस सम्बन्धी सामान्य जानकारी**

**कोरोना भाइरसका लक्षणहरू :**
- ज्वरो आउने, खोकी लाग्ने ।
- ज्वरो आएको छोटो समयमै निमोनिया हुने ।
- श्वास प्रश्वास छिटो छिटो हुने ।
- श्वास प्रश्वासमा अप्ठेरो हुने, श्वास फेर्न गाह्रो हुने ।
- ईत्यादी

**कोरोना संक्रमण जोखिम ठाउँहरु :**
- सिनेमा घर
- अस्पताल
- विद्यालय, कलेज
- सार्वजनिक यातायात
- सपिङ मल
- व्यस्त गल्ली
- रंगशाला
- वृद्धाआश्रम
- होटल/रेष्टुरेण्ट
- भोज भतेर
- तरकारी तथा मासु बेच्ने ठूला स्थानहरु
- सभा/जुलुस भएका स्थान आदि ।

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
- हातको सरसफाइमा ध्यान दिनुहोस । हात सफा राख्नुहोस् । हातले मुख छोइरहने बानी हटाउनुहोस् ।
- कुनै पनि रोगको बिरामी हुनुहुन्छ भने अनिवार्य मास्क लगाउनुहोस् ।
- यसबाट अन्य रोग लाग्न पाउँदैन भने आफुलाई कसैगरी कोरोना भाइरसको संक्रमण भएको रहेछ भने पनि अरुमा सर्न पाउँदैन ।
- भिडभाडको ठाउँमा अत्यन्त जरुरी अवस्थमाबाहेक नजानुहोस् । जानै पर्ने अवस्थामा मास्क लगाएर मात्र जानुहोस् ।
- हाच्छ्युँ गर्दा वा खोक्दा नाक मुख छोपेर मात्र गर्नुहोस् ।
- अण्डा मासुजन्य पदार्थ राम्रोसँग पकाएर मात्र खानुहोस् ।
- माथि उल्लेखित कुनै पनि लक्षणहरु देखिएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- कोरोना भाइरसबाट संक्रमित व्यक्तिको नजिक नजानुहोस् ।
- संक्रमण भएको पत्ता लागेमा वा शंका भएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- जो कोहिसँग भेट्दा वा छुट्टिदा अंकमाल वा हात मिलाउने नगर्नुहोस् ।

काम नपरेसम्म यस्ता ठाउँमा जाने नगरौं, जानु परेमा मास्क, ह्याण्ड सेनिटाइजर आदिको प्रयोग गरौं । घरमा फर्के पछि घर बाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर भान्छा/बैठक कोठामा जाने गरौं ।

उपचार छैन, रोकथाम सम्भव छ ।

रीना कुमारी साह
नगर प्रमुख

सिकिन्द्र साह
प्रमुख प्रशासकीय अधिकृत

मौलापुर नगरपालिका
सिमराभवानीपुर, रौतहट

**कोरोना भाइरस सम्बन्धी सामान्य जानकारी**

**कोरोना भाइरसका लक्षणहरू :**
- ज्वरो आउने, खोकी लाग्ने ।
- ज्वरो आएको छोटो समयमै निमोनिया हुने ।
- श्वास प्रश्वास छिटो छिटो हुने ।
- श्वास प्रश्वासमा अप्ठेरो हुने, श्वास फेर्न गाह्रो हुने ।
- ईत्यादी

**कोरोना संक्रमण जोखिम ठाउँहरु :**
- सिनेमा घर
- अस्पताल
- विद्यालय, कलेज
- सार्वजनिक यातायात
- सपिङ मल
- व्यस्त गल्ली
- रंगशाला
- वृद्धाआश्रम
- होटल/रेष्टुरेण्ट
- भोज भतेर
- तरकारी तथा मासु बेच्ने ठूला स्थानहरु
- सभा/जुलुस भएका स्थान आदि ।

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
- हातको सरसफाइमा ध्यान दिनुहोस । हात सफा राख्नुहोस् । हातले मुख छोइरहने बानी हटाउनुहोस् ।
- कुनै पनि रोगको बिरामी हुनुहुन्छ भने अनिवार्य मास्क लगाउनुहोस् ।
- यसबाट अन्य रोग लाग्न पाउँदैन भने आफुलाई कसैगरी कोरोना भाइरसको संक्रमण भएको रहेछ भने पनि अरुमा सर्न पाउँदैन ।
- भिडभाडको ठाउँमा अत्यन्त जरुरी अवस्थमाबाहेक नजानुहोस् । जानै पर्ने अवस्थामा मास्क लगाएर मात्र जानुहोस् ।
- हाच्छ्युँ गर्दा वा खोक्दा नाक मुख छोपेर मात्र गर्नुहोस् ।
- अण्डा मासुजन्य पदार्थ राम्रोसँग पकाएर मात्र खानुहोस् ।
- माथि उल्लेखित कुनै पनि लक्षणहरु देखिएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- कोरोना भाइरसबाट संक्रमित व्यक्तिको नजिक नजानुहोस् ।
- संक्रमण भएको पत्ता लागेमा वा शंका भएमा तत्काल स्वास्थ्य केन्द्र गएर स्वास्थ्य परीक्षण गराउनुहोस् ।
- जो कोहिसँग भेट्दा वा छुट्टिदा अंकमाल वा हात मिलाउने नगर्नुहोस् ।

काम नपरेसम्म यस्ता ठाउँमा जाने नगरौं, जानु परेमा मास्क, ह्याण्ड सेनिटाइजर आदिको प्रयोग गरौं । घरमा फर्के पछि घर बाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर भान्छा/बैठक कोठामा जाने गरौं ।

उपचार छैन, रोकथाम सम्भव छ ।

मो. सकिल अख्तर
नगर प्रमुख

वैजु ठाकुर
नि. प्रमुख प्रशासकीय अधिकृत

राजपुर नगरपालिका
सिमराभवानीपुर, रौतहट

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**